नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

वेभ: www.dor.gov.np
ईमेल: dgdor@dor.gov.np
फोन नं.:-५५२९०७५
फयाक्स नं. ५५२९१०६
चाकुपाट, पाटनढोका,
ललितपुर, नेपाल ।

पत्र संख्या :-म.नि. ०७५/०७६
चलानी नम्बर:- ६८

मितिः- २०७५/०७/११

बिषयः- **परिपत्र ।**

श्री स.वि., पुल /योजना तथा अनुमगन /विकास सहायता कार्यान्वयन / संभार /यान्त्रिक महाशाखाहरु सवै ।
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयः ईटहरी/काठमाडौं/पोखरा/सुर्खेत ।
श्री सडक विभाग, आर्थिक प्रशासन शाखा, चाकुपाट, ललिटपुर ।
श्री सडक विभाग, प्रशासन शाखा, चाकुपाट, ललितपुर ।
श्री सडक डिभिजनहरु सवै ।
श्री सडक आयोजना/योजनाहरु सवै

प्रस्तुत विषयमा सडक विभाग र अन्तर्गतका आयोजना तथा डिभिजन सडक कार्यालयहरुको काम कारवाही, अनुगमन र ठेक्का लगाई सकिएका निर्माणाधीन आयोजनाको कार्यान्वयनमा ढिलासुस्ती, ठेकेदारको लापरबाही जस्ता बिषयहरुमा समय समयमा विभिन्न संसदीय समिति लगायत पत्रपत्रिकामा गुनासो आइरहेको परिप्रेक्षमा देहाय बमोजिम कार्यान्वयन गर्नु गराउन हुनको लागि सडक विभाग र सो अन्तर्गतका निकायलाई परिपत्र गर्ने भनी नेपाल सरकार (सचिव स्तर) को मिति २०७५/०७/०८ को निर्णयानुसार अनुरोध छ भनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प.सं. ४.१.९/०७५/७६ टि ३९ च.नं. ३८९ मिति २०७५/०७/०८ को पत्रबाट लेखि आएकोले देहाय बमोजिमको बुँदाहरु तुरुन्त कार्यान्वयनमा ल्याउन भई विभागमा समेत जानकारी गराउनु हुन अनुरोध छ ।

१) निर्माण कार्यको ठेक्का सम्झौता भई लामो समय देखि रुग्ण अवस्थामा रहेका ठेक्काहरुको यथार्थ स्थिति विवरण मन्त्रालयमा पेश गर्नु हुन ।

२) निर्माण व्यवसायीको लापरबाहीका कारणले समयमा सम्पन्न हुन नसकी रुग्ण भइरहेको ठेक्काको हकमा सार्वजनिक खरिद ऐन/नियमावली र ठेक्काका शर्तहरु बमोजिम ठेक्का तोडी आवश्यक कारवाहीका लागि सिफारिश गर्ने ।

३) निर्माण व्यवसायीको लापरबाही नभई अन्य कारणहरुबाट कार्य प्रगति हुन नसकेका ठेक्काहरुको हकमा सो बाधा हटाउन कुन कुन निकायबाट के कस्तो सहयोग आवश्यक पर्ने हो सो को वातावरण तदारुकताका साथ मिलाउने र तहाँबाट सम्भव नहुने बिषयमा मन्त्रालयबाट के कस्तो सहयोग आवश्यक पर्ने हो राय सहित पठाउने ।

४) ठेक्का व्यवस्थापनमा विभाग अन्तर्गतका कर्मचारीहरुको लापरबाही (उदाहरणका लागिः गुणस्तर कायम नगर्ने, स्वीकृत डिजाइन विनै काम गराउने, म्याद समाप्त भई सकेका ठेक्का कार्यको कुनै करारीय उपचार विना भुक्तानी गर्ने, परफरमेन्स ग्यारेन्टी, एडभान्सा पेमेण्ट ग्यारेण्टी जस्ता ग्यारेण्टीहरुको म्याद समाप्त भई सक्दा पनि कुनै कारवाही नगर्ने जस्ता कार्यमा संलग्न) भएको पाइएमा सोको छानविन गरी जिम्मेवार कर्मचारीहरुलाई के कस्तो विभागीय कारबाही गर्नुपर्ने हो सिफारिस साथ पेश गर्ने ।

७।१२

(रविन्द्र नाथ श्रेष्ठ)
महानिर्देशक

बोधार्थः-
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।